# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, चैत्र ०९ गते, २०७८ साल (अतिरिक्ताङ्क २८

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## कृषि मन्त्रालयको

## सूचना

<u>प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) नियमावली, २०७८</u>

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ लाई संशोधन गर्न वान्छनीय भएकोले, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को नियम २२ को उपनयम (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ सरकारले देहायको नियमावली बनाएको छ ।



१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) नियमावली २०७८**" रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को नियम ९ को उपनियम (१) मा संशोधनः**

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को नियम ९ को उपनियम (१) को खण्ड (क) मा "प्रमुख जिल्ला अधिकारी" भन्ने शव्दहरुको सट्टामा "सम्बन्धित कार्यालय प्रमुख", खण्ड (ख) मा "जिल्ला समन्वय अधिकारी" भन्ने शब्दहरुको सट्टामा "प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय", खण्ड (ग) मा "प्रमुख, प्रदेश लेखा इकाइ कार्यालय" भन्ने शव्दहरुको सट्टामा "प्रतिनिध, जिल्ला स्थित कृषि विकास बैंक" र खण्ड (ङ) मा "सम्बन्धित कार्यालयको प्रमुख" भन्ने शब्दहरुको सट्टामा "कार्यालय प्रमुखले तोकेको सम्बन्धित कार्यालयको कर्मचारी" भन्ने शव्दहरु राखिएका छन् ।

स्वीकृत मितिः- २०७८/१२/०९

आज्ञाले,
मेघनाथ तिमल्सिना
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**